# रावा बेसी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**हरमटार कुभिण्डे,खोटाङ**
**१ नं प्रदेश, नेपाल**

## मौजुदा सूचि दर्ता गराउने बारेको सूचना ।

यस रावा बेसी गाउँपालिकाको लागि आ.व.२०७५।०७६ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ५(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संसोधन सहित) मा भएको कानुनी व्यवस्था बमोजिम तपशिलको कार्य गर्न इच्छुक व्यक्ति,फर्म संस्था वा कम्पनीले आ.व.२०७३।०७४ को व्यवसाय नविकरण भएको प्रमाणपत्र,करचुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व.२०७४।०७५ मा यस रावा बेसी गाउँपालिकामा सूचिदर्ता गरेका तथा आ.व.२०७५।०७६ मा समेत अद्यावधिक गर्न चाहने व्यक्ति,फर्म, संस्था वा कम्पनिले आ.व.२०७३।०७४ को करचुक्ता र व्यवसाय नविकरणको प्रमाणपत्रको फोटोकपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपशिल**

**सम्पादन गर्नुपर्ने कामको विवरण :**

१.मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति,
२.फर्निचर तथा फनिसिङ सामान आपूर्ति तथा मर्मत सम्बन्धि कार्य,
३.मेशिनरी औजार(कम्प्युटर,प्रिन्टर,फोटोकपि विधुतिय हाजिरी मेशिन आदी)तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत ।
४.सवारी साधन( स्काभेटर,जेसिवि,टिपर,कार,जिप,भ्यान,टेक्टरमोटर साईकल आदि) का पार्ट पूर्जा आपूर्ति तथा मर्मत सम्बन्धि कार्य,
५.विज्ञापन प्रकाशन तथा प्रशारण सम्बन्धि सेवा,
६.भवन मर्मत सम्भार एवं निर्माण सम्बन्धि सेवा,
७.कुरियर सेवा
८.प्रशासनिक विषयहरु संग सम्बन्धित अध्ययन,अनुसन्धान तथा विभिन्न विषय संग सम्वन्धित सफ्टवेयर निर्माण, मर्मत तथा आपूर्ति र सूचना प्रविधि सम्बन्धि विभिन्न परामर्श सेवा,
९.कृषि विउविजन,विषादी,कृषि सामाग्री,लगायतका,सामानहरु आपूर्ति,
१०.पशु सम्बन्धिका औजारहरु,औषधिहरु लगायतका सम्पुर्ण सामाग्रीहरु आपूर्ति,
११.स्वास्थ्य सम्बन्धिका सम्पूर्ण औषधिहरु स्वास्थ्य सामाग्री तथा अन्य आपूर्ति,
१२.विभिन्न कार्यक्रमहरुको संचालनका लागी फर्म तथा कम्पनिहरुवाट उपलब्ध सेवाहरु,
१३.अन्य विविध सामाग्रीहरुको आपूर्ति

२०७५।०४।१८

प्रज्वल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

प्रज्वल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत